नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं
(कर्मचारी प्रशासन शाखा)

प.सं.: २०७७/०७८
च.नं.:

मितिः- २०७७/११/२१

## प्रेस विज्ञप्ती

महिला कामदारमाथि भएको श्रम शोषणविरुद्ध आवाज उठाएको दिनको स्मरण गर्दै हरेक बर्ष विश्वभर मार्च ८ लाई अन्तर्राष्ट्रिय महिला दिवसको रुपमा मनाउने गरिएको छ । यस बर्ष "Women in Leadership: Achieving an equal future in a COVID-19 world" भन्ने अन्तर्राष्ट्रिय नाराका साथ विश्वभर यो दिवस मनाइदै छ । नेपालमा पनि **"महिलाको सुरक्षा, सम्मान र रोजगारः समृद्ध नेपालको आधार"** राष्ट्रिय नाराका साथ १११ औं अन्तर्राष्ट्रिय महिला दिवस भव्यताका साथ मनाइदै छ । यस अवसरमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको तर्फवाट सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुमा सुख, शान्ति, समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

यो दिवसलाई भव्य र सभ्य रुपमा मनाउने सन्दर्भमा मन्त्रालयले माननीय मन्त्री जुलीकुमारी महतोज्यूको अध्यक्षतामा **१११ औं अन्तर्राष्ट्रिय महिला दिवस मूल समारोह समिति** गठन गरेको थियो । मूल समारोह समितिले यहि वि. सं. २०७७ फाल्गुण २४ गते शोमवार (मार्च ८) का दिन नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौंको सभाहलमा दिवसको कार्यक्रम आयोजना गर्न गैरहेको छ । उक्त कार्यक्रम सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको प्रमुख आतिथ्यता सम्पन्न गर्नेगरी तय गरिएको छ ।

उक्त कार्यक्रममा मूलतः राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को सार्वजनिकिकरण गर्ने, नेपाल सरकारले महिला सशक्तिकरण र लैङ्गिक समानताका लागि गरेका प्रयास र उपलब्धीको समिक्षा तथा प्रगतीहरु मन्त्रालयको तर्फवाट प्रस्तुत गरिने लगायतका कार्यक्रमहरु हुनेछन् ।

दिवस भव्यताका साथ मनाउन मन्त्रालयवाट संघीय सरकारका सबै निकायहरु, प्रदेश सरकारका सबै निकायहरु, स्थानीय तह, विदेशस्थित नेपाली कूटनीतिक नियोगहरु, सामाजिक तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुलाई आव्हानसमेत भैसकेको छ ।

नेपाल सरकार (मन्त्रीपरिषद) ले मिति २०७७।११।१४ मा **"महिला हिंसा असभ्यता हो, यो अपराध हो; महिला हिंसा रोकौं"** भन्ने प्रतिवद्धता स्वीकृत गरि यस प्रतिबद्धतालाई स्टीकर तथा वोर्ड प्रिन्ट वनाइ सबै निकाय, सार्वजनिक स्थल, स्कूल कलेज लगायतका शैक्षिक संस्था आदि स्थानमा टाँसी सन्देश फैलाउन र महिला हिंसा, विभेद र बलात्कारका विरुद्ध अभियानकै रुपमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरे बमोजिम मन्त्रालयले तिनै तहका सरकार र सम्वद्ध सबैलाई परिपत्र गरिसकेको छ ।

संघ, प्रदेश र स्थानीय तहमा दिवसको अवसर पारेर विभिन्न सिर्जनात्मक तथा रचनात्मका क्रियाकलापहरु सहितका कार्यक्रमहरु सञ्चालन भैरहेका छन् र कतिपय ती कार्यक्रमहरुमा मन्त्रालयको सहभागितासमेत रहँदै आएको छ । जसमा मन्त्रालयका पहल र उपलब्धी, समस्या र चूनौती लगायतका विषयमा सूचना प्रवाह गरिएको छ । अन्तमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय यस दिवसलाई भव्य र सभ्य रुपमा मनाउन सम्वन्धित सबैमा हार्दिक आव्हान गर्दछ ।

..................
टेकराज निरौला
प्रवक्ता

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"

फोन नं. : ४२०००८२, फ्याक्सः ४२००११६, ईमेलः mail@mowcsc.gov.np, Website: www.mowcsc.gov.np